# राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ बैशाख २०मा बसेको ३९औं बैठकले गरेका निर्णयहरु

१. स्वदेशमै रासायनिक मल उत्पादन कारखाना नहुँदा यूरिया मलको आपूर्ति नियमित र भरपर्दो हुन नसकेकाले भारतीय परामर्शदाता कम्पनीले तयार गरेको संभाव्यता अध्ययन प्रतिवेदन अनुरुप कृषि मन्त्रालय र लगानी बोर्डले समन्वय गरी उक्त अध्ययन प्रतिवेदनले औंल्याएका विविध पक्ष र दिएका विकल्पहरु अध्ययन गरी यस्तो कारखाना स्थापनासम्बन्धी गृहकार्य दुई महिनाभित्र अघि बढाउने ।

२. निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत सम्भाव्यता अध्ययन गर्ने कोरियाली कम्पनीसँग भएको सम्झौता अनुसार नेपाल सरकारले बेहोर्नुपर्ने दायित्व बढ्दै जाने भएकाले यस सम्बन्धमा पर्यटन मन्त्रालयले तुरुन्त टुंगो लगाई उपयुक्त मोडालिटि अपनाई निर्माण कार्य दुई महिनाभित्र अघि बढाउने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले शहरी क्षेत्रभित्र सडक निर्माण गर्दाकै अबस्थामा उर्जा र सूचना तथा संचार मन्त्रालयसँग समन्वय गरी सडक किनारामा दूरसञ्चार, विद्युतलगायतका सेवा उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित सेवा प्रदायक निकायबाटै लागत बेहोर्ने गरी Utility Duct राख्ने व्यवस्था मिलाउने ।

४. रोजगारमुखी शिक्षाको अवसर विस्तार गर्ने उद्देश्यले प्राविधिकधारतर्फका कृषि विज्ञान, पशु विज्ञान, सिभिल इञ्जिनियरिङ, कम्प्यूटर र इलेक्ट्रिकल कार्यक्रम सञ्चालनमा रहेका विद्यालयहरुमा पठनपाठन गराउनका लागि अत्यावश्यक प्रशिक्षक र सहायक प्रशिक्षकको दरवन्दी शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी आगामी आ.ब. २०७४।७५ को बजेट तथा कार्यक्रममा समावेस गर्ने ।

५. स्वास्थ्य संस्थाका भवन निर्माणका लागि आवश्यक मापदण्ड बमोजिमको वन, सार्वजनिक पर्ति तथा स्थानीय तह अन्तर्गतको जग्गा गाउँपालिका, महानगरपालिका, उपमहा नगरपालिका र नगरपालिकामार्फत उपलब्ध गराउन भूमिसुधार तथा व्यवस्था र वन मन्त्रालयसँग समेत समन्वय गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सहजीकरण गर्ने ।

६. सन् २०१९ मा नेपालमा आयोजना गरिने १३ औं दक्षिण एशियाली खेलकूद प्रतियोगिताको संचालनका लागि आवश्यक पूर्वाधारको निर्माण एवम् मर्मत संभारका निमित्त युवा तथा खेलकूद मन्त्रालयले अन्य निकाय समेतको सहयोग आवश्यक पर्ने भए सो समेत लिनेगरी दुई महिनाभित्र कार्ययोजना बनाई अघि बढ्ने ।

७. ठूला नदी प्रणालीको अवधारणा अनुसार जलाधार व्यवस्थापन गर्ने कार्यको संयोजन गर्न मा. वन तथा भूसंरक्षण मन्त्री संयोजक तथा राष्ट्रिय योजना आयोगका वन हेर्ने मा. सदस्य सहसंयोजक र उर्जा, सिंचाइ, पर्यटन, संघीय मामिला तथा स्थानीय विकास र वन मन्त्रालयका सचिव सदस्य रहनेगरी उच्चस्तरीय समन्वय समिति १५ दिनभित्र गठन गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने ।

८. खानेपानी, सिंचाइ, कृषिजन्य, वनजन्य र पशुजन्य उद्योगहरुमा विद्युतको डिमान्ड शुल्क मिनाहा गर्ने, डेडिकेटेड फिडर राख्ने वा अनुदान उपलब्ध गराउनु पर्ने भन्ने माग आइरहेको सम्बन्धमा अध्ययन गरी विभिन्न विकल्प सहित सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका आर्थिक क्षेत्र हेर्ने मा.सदस्यको संयोजकत्वमा, उर्जा हेर्ने मा.सदस्य, अर्थ, उर्जा, वन, सिंचाइ, खानेपानी तथा सरसफाई र उद्योग मन्त्रालयका सचिवहरु सदस्य रहेको कार्यदल गठन गरी दुई महिनाभित्र प्रतिवेदन पेश गर्न लगाउने ।

९.स्वदेशमै उत्पादन सम्भावना भएका वस्तुको उत्पादन, उत्पादकत्व र त्यस्ता बस्तुको उपयोग वृद्धि गरी आयात प्रतिस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय तथा निकायले त्यस्ता वस्तुको उत्पादन बृद्धि गर्ने कार्यक्रम आगामी आ.व.मा समावेस गरी कार्यान्वयन गर्ने ।

१०. आर्थिक कुटनीतिको प्रबर्द्धनमा सहयोग पुर्‍याउन नेपाल लगानी बोर्ड, व्यापार तथा निर्यात प्रबर्द्धन केन्द्र र नेपाल पर्यटन बोर्ड जस्ता निकायका संचालक/ व्यवस्थापन समितिमा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरुलाई पनि सहभागी गराउने ।

११. बैक, सूचना प्रविधि र सडक सन्जालन पुगेका गाउँपालिका तथा नगरपालिकामा यस्ता पूर्वाधार तथा सेवाको पहूँचका लागि सम्बन्धित मन्त्रालयले दुई महिनाभित्र कार्यक्रम राखी कार्यान्वयन गर्ने ।

१२.संघीयता अनुरुप प्रशासनिक पुन:संरचना समयमै गर्न, संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापन र वित्तीय हस्तान्तरणसम्बन्धमा देहाय वमोजिम गर्ने:

(क) स्वीकृत कार्य विस्तृतीकरण अनुरुप संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन एकिन गरी सो अनुसार १५ दिन पुन:संरचना गर्ने ।

(ख) विषयगत मन्त्रालयहरुले प्रदेश तथा स्थानीय तहका लागि स्रोतसहित जनशक्ति हस्तान्तरण गर्ने गरी एक महिनाभित्र कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

(ग) राष्ट्रिय योजना आयोगबाट तयार भएको २०७४।७५ को वजेटलाई संघीयता अनुरुप पुन:संरचना तथा वित्तीय हस्तान्तरणसम्बन्धी मार्गदर्शनलाई ५ दिन अन्तिम रुप दिइ त्यसै अनुसार आगामी आ.व. को बजेट तयार गर्ने ।